# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २१



तर जतिले उहाँ (येशू) लाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो अर्थात् तिनीहरूलाई जसले उहाँको नाममाथि विश्वास गर्दछन्। यूहन्ना १:१२

## तुरुन्तै आज्ञापालन

एउटा पुरानो अमेरिकी ख्रीष्टियन पत्रिकामा प्रकाशित एउटा घटनामा यस्तो लेखिएको छ... अत्यन्त गरिब तर परमेश्वरभक्त एउटी महिलाले ५,००० डलरको उत्तराधिकार प्राप्त गरिन्। गरिबीमा रहँदादेखि नै उनले पालन गर्दै आएकी आफ्नो बानीअनुसार उनले तुरुन्तै त्यसको ५०० डलर मण्डलीका लागि आफ्नो भेटीको खाममा राखिन्। उनले यो कुरा कसैलाई पनि भनिनन्। तर उनको मृत्युपछि, उनले उत्तराधिकार प्राप्त गरेको दिनको मितिमा उनको डायरीमा लेखिएको यो वाक्य भेटियो:

"छिटो, छिटो—मेरो हृदय कठोर हुनुअगावै!"

- The Brethren Evangelist (1929)




## एक अलौकिक अस्तित्व

भौतिक संसारलाई अवलोकन गरेर मात्र सर्वत्र उपस्थित, सर्वज्ञ, सर्वशक्तिमान र पूर्ण रूपमा पवित्र अनन्त अस्तित्व हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्न सकिँदैन। उहाँको अस्तित्वका प्रमाणहरू प्रशस्त भए तापनि, उहाँ हुनुहुन्छ भन्ने पूर्ण निश्चियता केवल विश्वासद्वारा मात्र प्राप्त हुन्छ।

***"अब अनन्त राजालाई, अविनाशी, अदृश्य, एकमात्र बुद्धिमान् परमेश्वरलाई आदर र महिमा सदासर्वदा भइरहोस्!" १ तिमोथी १:१७***

मानवजातिको अधिकांश भाग यस अस्तित्वसँग जीवित सम्बन्धमा छैन। त्यसैले निम्न कुरा आवश्यक हुन्छ:

## एक अलौकिक जन्म

येशू कुमारी मरियमबाट चमत्कारिक रूपमा जन्मनुभयो, किनभने सम्पूर्ण मानिस जन्मजात पाप लिएर जन्मने भए पनि, पापविना मानवजातिको इतिहासमा प्रवेश गर्ने परमेश्वरको यही तरिका थियो।

***"हेर, कन्या गर्भवती हुनेछिन् र एउटा पुत्र जन्माउनेछिन्, अनि तिनीहरूले उहाँको नाम "इम्मानुएल" राख्नेछन् जसको अर्थ हो, 'परमेश्वर हामीसित'"। मत्ती १:२३***

यो अलौकिक जन्मले पापी मानिसलाई निम्नतर्फ बोलाउँछ:

## एक अलौकिक अनुभव

आफ्नो जीवनलाई परमेश्वरको जीवनसँग एक बनाउनु एउटा चमत्कार हो। जसले यो अनुभव गरेका छैनन्, तिनीहरूले यसको इन्कार गर्न सक्छन्। तर जसले यो अनुभव गरेका छन्, तिनीहरू जान्दछन् कि परमेश्वरमा विश्वास गरेर र येशू ख्रीष्टको उद्धारकारी कार्यलाई स्वीकार गर्दा हाम्रो जीवनमा वास्तविक, वस्तुगत र अनुभव गर्न सकिने परिवर्तन आउँछ।

***"यसैकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पुराना कुराहरू बितिगएका छन्; हेर, सबै कुरा नयाँ भएका छन्।" २ कोरिन्थी ५:१७***

- Fellowship

** जीवनको हरेक नयाँ अनुभव प्रेमको कुनै न कुनै पाठ सिक्ने एउटा विद्यालय मात्र हो। त्यसैले परमेश्वरले पठाउनुभएका यी शिक्षकहरूलाई हटाउने प्रयास नगरौँ। परमेश्वरका धेरै प्रभावकारी सेवकहरूले केही समयपछि आफ्नो प्रभाव गुमाउँछन्, किनभने तिनीहरूले प्रेमको आत्मा गुमाउँछन्।*

- Fellowship

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ५ [४ मध्ये भाग ४]

## पुनर्जागरण (The Renaissance)

सन् १३५० देखि १६५० ईस्वीको बीचमा युरोपमा एउटा महान् सांस्कृतिक परिवर्तन भयो, जसले मध्ययुगको अन्त्य र आधुनिक युगको सुरुआत गरायो। यस अवधिमा ग्रीस र रोमका शास्त्रीय साहित्य र कलाप्रति तथा विज्ञानप्रति पनि नयाँ रुचि जागृत भयो। यही नयाँ बौद्धिक र सांस्कृतिक जागरणलाई पुनर्जागरण (Renaissance) भनिन्छ।

शैतानले मानिसहरूको मन परमेश्वरबाट पूर्ण रूपमा विमुख गराउन पुनर्जागरणलाई एउटा साधनको रूपमा प्रयोग गर्ने प्रयास गर्‍यो। फलस्वरूप, दक्षिणी युरोपमा यो आन्दोलन धर्मनिरपेक्ष र सन्देहवादी मानववादमा परिणत भयो, जहाँ परमेश्वरको सट्टा मानिस नै सबै कुराको केन्द्र बन्यो। मानिसहरूले चर्चका औपचारिक धार्मिक विधिहरू त पालन गरिरहे, तर उनीहरूको दैनिक जीवनबाट परमेश्वरको अधिकार र उहाँका दाबीहरूलाई क्रमशः पन्छाउँदै लगे। त्यस समयका पोपहरू समेत आत्मिक विषयहरूभन्दा संस्कृति, कला र सांसारिक उपलब्धिहरूप्रति बढी आकर्षित थिए।

परमेश्वरले पनि आउन लागेको धर्म-सुधार (Reformation) का लागि युरोपलाई तयार पार्न पुनर्जागरणलाई आफ्नो साधनको रूपमा प्रयोग गर्ने अटल उद्देश्य राख्नुभएको थियो। त्यसैले उत्तरी युरोपमा यो आन्दोलन धार्मिक मानववाद (religious humanism) को रूपमा विकसित भयो। त्यहाँका विद्वानहरूले प्राचीन ग्रीस-रोमको सम्पदाभन्दा यहूदी-ख्रीष्टिय सम्पदाको अध्ययनमा गहिरो रुचि लिन थाले। उनीहरू मानिसलाई विचारशक्ति भएको प्राणीको रूपमा भन्दा आत्मा भएको मानिसको रूपमा बढी महत्त्व दिन्थे। उनीहरूले बाइबलका मूल भाषामा लेखिएका हस्तलिपिहरूको अध्ययन गरे, पवित्रशास्त्रको अनुसन्धानमा पुनर्जागरणकालीन अध्ययन-पद्धति लागू गरे, रूपकात्मक (allegorical) व्याख्याभन्दा ऐतिहासिक-व्याकरणिक व्याख्या (historical-grammatical interpretation) लाई प्राथमिकता दिए, बाइबलीय भाषाहरूका व्याकरण र शब्दकोशहरू तयार पारे, र ग्रीक नयाँ नियम प्रकाशित गरे। सन् १४५५ मा चल-अक्षर (movable type) मुद्रण प्रविधिको आविष्कार भएपछि पवित्रशास्त्र तथा धर्म-सुधारकहरूका लेखहरू छाप्न र व्यापक रूपमा वितरण गर्न पहिलेभन्दा धेरै सजिलो, छिटो र कम खर्चिलो भयो। यी सबै कुराले त्यस बेलाको चर्च नयाँ नियमको मण्डलीबाट कति धेरै विचलित भइसकेको रहेछ भन्ने कुरा मानिसहरूलाई स्पष्ट रूपमा बुझायो।



*सन् १४५५ मा चल-अक्षर मुद्रण प्रविधिद्वारा पहिलो मुद्रित बाइबल, गुटेनबर्ग बाइबल, प्रकाशित भयो।*

> मानववाद (Humanism): पुनर्जागरणकालीन एउटा बौद्धिक आन्दोलन, जसले प्राचीन ग्रीक-रोमी साहित्य र मूल स्रोतहरूको अध्ययनलाई महत्त्व दियो। यसको दक्षिणी शाखा बढी धर्मनिरपेक्ष बन्यो भने उत्तरी शाखाले बाइबल र प्रारम्भिक ख्रीष्टियन स्रोतहरूको अध्ययनलाई प्रोत्साहन दिँदै धर्म-सुधारको मार्ग तयार गर्‍यो।

पुनर्जागरणको समयमा एक शक्तिशाली मध्यम वर्गको उदय भयो र राष्ट्रियताको भावना पनि प्रबल हुँदै गयो। परमेश्वरले यी दुवै कुरालाई पनि धर्म-सुधारको लागि युरोपलाई तयार पार्ने माध्यम बनाउनुभयो। मानिसहरूले विदेशी पोपले आफ्ना राष्ट्रहरूमाथि शासन गरिरहेको तथ्यप्रति असन्तुष्टि व्यक्त गर्न थाले। पोपले उनीहरूका चर्चका अगुवाहरू नियुक्त गर्थे, रोममा भव्य चर्चहरू निर्माण गर्न कर उठाउँथे, पादरीहरूलाई आफ्ना देशका कानुन र अदालतहरूको अधिकारक्षेत्रबाट छुट दिन्थे, र उनीहरूका सरकारहरूलाई राजनीतिक नीतिसमेत निर्देशित गर्थे।

## धर्म-सुधार (The Reformation)

सङ्गठित चर्चमा भएको सत्यत्यागप्रति परमेश्वरको सबैभन्दा महान् प्रत्युत्तर धर्म-सुधार (Reformation) थियो। यो एउटा नयाँ आत्मिक आन्दोलन थियो, जुन विभिन्न चरणहरूमा विकसित हुँदै गयो। यसको सुरुआत सन् १५१७ मा जर्मनीमा भयो, जब रोमन चर्चका भिक्षु तथा पवित्रशास्त्रका प्राध्यापक मार्टिन लुथर (Martin Luther) ले चर्चका गलत शिक्षा र अभ्यासहरूको विरोधमा लेख्न र बोल्न थाले। लुथरले चर्चलाई सुधारको आह्वान गरे, तर चर्चले उनको आह्वानलाई बेवास्ता गर्‍यो। बरु, उसलाई धर्मबहिष्कार गरियो र मुद्दा चलाएर दण्ड दिन उपस्थित गराउन माग गरियो। नयाँ राष्ट्रवादी भावनाले प्रेरित उत्तरी

जर्मनीका राजकुमारहरूले लुथरलाई समर्थन र संरक्षण गरे। फलस्वरूप लुथरन मण्डली (Lutheran Church) को स्थापना सम्भव भयो। जब स्पायर्सको सभा (Diet of Spires) (१५२६) ले लुथरन शिक्षालाई दोषी ठहर गर्दै त्यसविरुद्ध निर्णयहरू पारित गऱ्यो, तब उत्तरी जर्मनीका राजकुमारहरूले त्यसको औपचारिक विरोध जनाए। त्यसपछि सुधार गर्न अस्वीकार गर्ने सत्यत्यागी मण्डलीको विरोध गर्नेहरूलाई "प्रोटेस्टेन्ट" भनिन थालियो।



*मार्टिन लुथर*

जर्मनीमा सुधार आन्दोलन अघि बढिरहँदा स्विट्जरल्याण्डमा पनि त्यही जागरण फैलिन थाल्यो। उलरिख ज्विङ्ली (Ulric Zwingli) को नेतृत्वमा ज्युरिख राज्यमा सुधारित मण्डली (Reformed Church) स्थापना भयो। जोन क्याल्भिन (John Calvin) को सेवकाइद्वारा जेनेभामा प्रेस्बिटेरियन मण्डली (Presbyterian Church) को विकास भयो। त्यस्तै, ग्रेबेल, मान्ज र हुब्मायरजस्ता अगुवाहरूको नेतृत्वमा एनाब्याप्टिस्ट (Anabaptist) आन्दोलनको उदय भयो र यो जर्मनी तथा स्विट्जरल्याण्डभरि फैलियो।

डेनमार्क, स्विडेन र नर्वेले लुथरन विश्वासलाई राष्ट्रिय रूपमा अपनाए। फ्रान्समा धेरै समूहहरूले प्रोटेस्टेन्ट विश्वास स्वीकारे र ह्युगेनट (Huguenots) भनेर चिनिए। उत्तरी नेदरल्याण्ड्समा अधिकांश मानिसहरूले सुधारित विश्वास अँगाले भने उल्लेखनीय अल्पसंख्यकले एनाब्याप्टिस्ट विश्वास स्वीकारेर आफूहरूलाई मेनोनाइट (Mennonites) भन्न थाले। जोन नक्स (John Knox) को निर्भीक प्रचारद्वारा स्कटल्याण्डले सुधारित विश्वासलाई अँगाल्यो। इङ्ग्ल्याण्डमा पनि सुधार आन्दोलन प्रारम्भ भयो, जब हेनरी अष्टम (Henry VIII) ले रोमसँगको सम्बन्ध तोडेर इङ्ग्ल्याण्डको मण्डली (Church of England) लाई रोमी मण्डलीबाट अलग गरे।

प्रोटेस्टेन्ट सुधार आन्दोलनले नयाँ नियमका तीनवटा आधारभूत सत्यताहरूलाई पुनः प्रकाशमा ल्यायो। पहिलो, मानिस केवल विश्वासद्वारा धर्मी ठहरिन्छ। मुक्तिका लागि मानवीय कर्म आवश्यक छ भन्ने रोमको शिक्षा अस्वीकार गरियो र शुद्ध सुसमाचार फेरि स्पष्ट रूपमा घोषणा गरियो। दोस्रो, हरेक विश्वासी पुजाहारी हो। रोमी मण्डलीले पादरी वर्ग र सामान्य विश्वासीबीच खडा गरेको गहिरो विभाजनलाई अस्वीकार गरियो। नयाँ नियमले सिकाएझैं, प्रत्येक विश्वासी परमेश्वरको सामु एक पुजाहारी हो। त्यसैले प्रत्येक विश्वासीलाई परमेश्वरको सेवा गर्ने र पवित्रशास्त्र आफै अध्ययन गर्ने अधिकार तथा जिम्मेवारी दुवै छन्। तेस्रो, पवित्रशास्त्रको सर्वोच्च अधिकार। विश्वास र जीवनको अभ्याससम्बन्धी सबै विषयमा अन्तिम अधिकार मण्डली होइन, तर पवित्रशास्त्र मात्र हो भन्ने सत्यतालाई पुनः स्थापित गरियो।

साभार: What On Earth Is God Doing by Renald Showers

**- अध्याय ५ (८ मध्ये) पूरा भयो -**

## पुनरावलोकन प्रश्नहरू - अध्याय ५

1. के इस्राएल आशिषको स्थानबाट सधैंको लागि हटाइएको छ? आफ्नो उत्तरलाई पुष्टि गर्नुहोस्।
2. वर्तमान युगको यहूदी-विरोध (Anti-Semitism) को पछाडि अन्ततः कसको प्रभाव रहेको छ? किन?
3. इतिहासमा शैतानले यहूदी-विरोधका लागि प्रयोग गरेका केही प्रमुख माध्यमहरू उल्लेख गर्नुहोस्।
4. मण्डली स्थापना गर्नुको परमेश्वरको उद्देश्य के थियो?
5. मण्डलीको जन्म कहिले र कसरी भयो?
6. मण्डलीलाई दिइएको महान् जिम्मेवारी (आज्ञा) के हो?
7. मण्डलीविरुद्ध शैतानका दुई प्रमुख प्रकारका आक्रमणहरू के-के हुन्?
8. व्यक्तिगत विश्वासीहरूमाथि शैतानले कस्ता-कस्ता आक्रमणहरू गर्छ?
9. प्रारम्भिक मण्डलीमा फैलिएका केही सत्यत्यागी शिक्षाहरू के-के थिए?
10. रोमी साम्राज्यले मण्डलीमाथि गरेको सतावटको परिणाम अन्ततः के भयो?
11. राज्य र मण्डलीको गठबन्धनले मण्डलीमा कस्तो परिवर्तन ल्यायो?
12. मूर्तिपूजक अभ्यासहरू मण्डलीभित्र कसरी प्रवेश गरे?
13. संस्थागत मण्डलीको सत्यत्यागका कारण सुसमाचारको सन्देश कसरी विकृत भयो?
14. ओरिजेनको रूपकात्मक (allegorical) व्याख्या-पद्धतिले पवित्रशास्त्रको सही बुझाइमा कस्तो प्रभाव पाऱ्यो?
15. अगस्टिनको राज्यसम्बन्धी शिक्षाले भविष्यको ईश्वरशासित राज्यको शिक्षामाथि कस्तो प्रभाव पाऱ्यो?
16. इस्लामको तीव्र विस्तारले मण्डली र बाइबलीय सत्यतामाथि कस्तो चुनौती खडा गऱ्यो?

17. संगठित मण्डली सत्यत्यागमा पर्दै जाँदा परमेश्वरले कसरी आफ्नो साक्षीलाई जोगाइराख्नुभयो?
18. सत्यत्यागी मण्डलीको विरोध गर्ने बाँकी रहेको समूहका मुख्य बाइबलीय विशेषताहरू के-के थिए?
19. वाल्डेन्सियनहरू र अन्य यस्ता समूहहरूले कस्तो सेवकाइ गरे, र त्यसको परिणामस्वरूप उनीहरूले कस्तो सतावट भोगे?
20. जोन विक्लिफ, जोन हस र साभोनारोलाले मण्डली सुधारका लागि गरेका मुख्य योगदानहरू के-के थिए?
21. पुनर्जागरणलाई शैतानले कसरी प्रयोग गर्न खोज्यो, र परमेश्वरले त्यसैलाई धर्म-सुधारको तयारीका लागि कसरी प्रयोग गर्नुभयो?
22. पुनर्जागरणकालीन विद्वानहरूले पवित्रशास्त्रको अध्ययन र व्याख्यामा गरेका महत्त्वपूर्ण योगदानहरू के-के थिए?
23. प्रोटेस्टेन्ट धर्म-सुधारको सुरुआत कसरी भयो, र "प्रोटेस्टेन्ट" भन्ने नाम कसरी प्रचलनमा आयो?
24. प्रोटेस्टेन्ट सुधार आन्दोलनले नयाँ नियमका कुन तीन आधारभूत सत्यताहरूलाई पुनः प्रकाशमा ल्यायो, र ती किन महत्त्वपूर्ण छन्?

## कुहिरो र तपाईं

वाशिङ्टनस्थित ब्युरो अफ स्ट्यान्डर्ड्सका अनुसार, सात वटा सहरका ब्लकसम्म फैलिएको र १०० फिटको उचाइसम्म रहेको बाक्लो कुहिरोमा भएको पानीको कुल मात्रा एक गिलासभन्दा पनि कम हुन्छ।



त्यो थोरै पानी ६० अर्ब सूक्ष्म थोपाहरूमा विभाजित भएको हुन्छ। तैपनि, ती अति साना थोपाहरू सहर वा गाउँमाथि फैलिंदा तिनले प्रायः सबै कुरा दृष्टिबाट ओझेल पारिदिन्छन्। कुहिरो हटेपछि मात्र स्पष्ट रूपमा देख्न सकिन्छ।

चिन्ताको एउटा प्यालाले पनि हाम्रो जीवनमा यस्तै काम गर्छ। हामी परमेश्वरमाथि भरोसा गर्न बिर्सन्छौं र आफ्ना सबै चिन्ताहरू उहाँकै जिम्मामा छोड्न पनि बिर्सन्छौं। विस्मृतिका ती साना थोपाहरूले हामीलाई चारैतिरबाट घेर्छन्, र हामी स्पष्ट दृष्टिविनै त्यसमा डुब्न पुग्छौं।

के तपाईं आज कुहिरोमा हुनुहुन्छ? - Fellowship

## प्रेमले चलाएको छडी

बालकले छडीको अनुशासन सहँदै गर्दा पनि, उसले त्यो छडी प्रेमले चलाएको हो भन्ने अनुभव गर्नुपर्छ। बालबालिकाले कुरा छिट्टै बुझ्छन्, र अनुशासनको समयमा पनि तिनीहरूको कोमल हृदयले त्यो कुरा धेरै गहिरोसँग महसुस गर्छ कि छडी चलाउने कुरा आमाबुबाको प्रेमबाट आएको हो कि रिस र आवेगबाट। यदि छडी रिस र आवेगले चलाइएको हो भने, त्यो छडीले सुधारभन्दा अरू नै परिणाम ल्याउँछ। क्रोधले क्रोध नै जन्माउँछ। "हे बाबुहरूहो, आफ्ना छोराछोरीलाई रिस नउठाओ, नत्र उनीहरू निराश हुनेछन्" (कलस्सी ३:२१)। यस्तो अवस्थामा छडीको प्रत्येक प्रहारले आमाबुबाले अनुशासन गर्न खोजेको त्यो प्रिय बालकलाई झन्-झन् टाढा धकेल्छ, उसको कोमल हृदयलाई आमाबुबाबाट विमुख बनाउँछ, र उसलाई आमाबुबाको नजिक ल्याउनुको सट्टा झन् टाढा पुऱ्याउँछ।

यसकारण, सुधारका लागि छडी चलाउनुअघि, आमाबुबाले नम्र र अनुशासित हृदयका साथ माथितिर हेरेर, उदारतापूर्वक दिनुहुने र नहपार्नुहुने परमेश्वरसँग आवश्यक बुद्धि र अनुग्रह माग्नु कति महत्त्वपूर्ण छ! उहाँको प्रेम र सुबुद्धिको भावनाले बाबुको हातलाई त्यस पीडादायी अनुशासनको छडी चलाउँदा सही मार्गदर्शन गरोस् भनेर प्रार्थना गर्नुपर्छ। - म्याकिन्टोश



## बिहान सबेरै उठ्नु

चरासँगै बिहान सबेरै उठ्नुको कुनै अर्थ छैन, यदि हामी त्यससँगै स्वर्गतर्फ पनि उठ्दैनौं भने।

## उत्कृष्ट सिद्धान्त

जेम्स मिल्नर (१७७३-१८४५) को जीवनीमा उनका संकल्पहरूमध्ये एउटा यसरी उल्लेख गरिएको छ:

"व्यवसाय सुरु गर्ने बेलामै मैले एउटा अटल निर्णय गरेको थिएँ, र त्यसलाई म धार्मिक निष्ठाका साथ पालन गर्नेछु—कहिल्यै पनि यस्तो ऋण नलिने, जुन तिर्न नसकिएला भन्ने अलिकति पनि आशङ्का होस्, वा तिर्न असुविधा पर्न सक्ने सम्भावना पनि देखियोस्। अनि यो संकल्प सधैं पालन गर्न सकूँ भनेर, मेरो आम्दानी जति नै भए पनि, म सधैं त्यसैको सीमाभित्र रहेर जीवन बिताउनेछु।"

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310